तिलोत्तमा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

मिति २०८२ साल कार्तिक ३० गते तिलोत्तमा नगरपालिकाका नगर प्रमुख श्री रामकृष्ण खाणज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी निम्नानुसारका निर्णयहरु गरियो ।

| क्र.स. | पद दर्जा | पदाधिकारीको नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १. | नगर कार्यपालिका अध्यक्ष | नगर-प्रमुख, श्री रामकृष्ण खाण | |
| २. | नगर कार्यपालिका सदस्य | उप-प्रमुख, श्री जगेश्वर देवी चौधरी | |
| ३. | नगर कार्यपालिका सदस्य | श्री फर्शुराम गिरी | |
| ४. | नगर कार्यपालिका सदस्य | श्री डिल बहादुर भट्टराई | |
| ५. | नगर कार्यपालिका सदस्य | श्री कल्याण प्रसाद पौडेल | |
| ६. | नगर कार्यपालिका सदस्य | श्री हरि बहादुर क्षेत्री | |
| ७. | नगर कार्यपालिका सदस्य | श्री रमेश डुम्रे | |
| ८. | नगर कार्यपालिका सदस्य | श्री गणेश पाठक | |
| ९. | नगर कार्यपालिका सदस्य | श्री देवी प्रसाद पंगेनी | |
| १०. | नगर कार्यपालिका सदस्य | श्री कृष्ण प्रसाद पौडेल | |
| ११. | नगर कार्यपालिका सदस्य | श्री ध्रुव न्यौपाने | |
| १२. | नगर कार्यपालिका सदस्य | श्री गोपाल प्रसाद घिमिरे | |
| १३. | नगर कार्यपालिका सदस्य | श्री विष्णु बहादुर बराल क्षेत्री | |
| १४. | नगर कार्यपालिका सदस्य | श्री सहदेव थारु | |
| १५. | नगर कार्यपालिका सदस्य | श्री नारायण ढकाल | |
| १६. | नगर कार्यपालिका सदस्य | श्री अश्विन पौडेल | |
| १७. | नगर कार्यपालिका सदस्य | श्री खेमराज गुरुङ्ग | |
| १८. | नगर कार्यपालिका सदस्य | श्री झविलाल भुसाल | |
| १९. | नगर कार्यपालिका सदस्य | श्री दान बहादुर चौधरी | |
| २०. | नगर कार्यपालिका सदस्य | श्री सुरेन्द्र श्री | |
| २१. | नगर कार्यपालिका सदस्य | श्री राधा शाही | |
| २२. | नगर कार्यपालिका सदस्य | श्री लक्ष्मी घिले | |
| २३. | नगर कार्यपालिका सदस्य | श्री रवि सेन्चुरी | |
| २४. | नगर कार्यपालिका सदस्य | श्री नर बहादुर छन्तेल | |
| २५. | नगर कार्यपालिका सदस्य | श्री तारा सुनार | |
| २६. | नगर कार्यपालिका सदस्य | श्री सावित्रा पन्थी आचार्य | |
| २७. | नगर कार्यपालिका सदस्य | श्री देवकी चौधरी | |
| २८. | सचिव | श्री खुमलाल भुसाल | |

तिलोत्तमा नगरपालिका

कार्यपालिका बैठक सङ्ख्या:४/२०८२/०८३ (१८४) मिति:२०८२/०७/३० गते ।

**बैठकका कार्यसूचीहरू:**

१. तिलोत्तमा नगरपालिकाको सुलभ फार्मेसी संचालन सम्बन्धी कार्यविधि स्वीकृति सम्बन्धमा
२. तिलोत्तमा नगरपालिका र अमेरिकाको Hercules City बिच भगिनी सम्बन्ध (Sistership Relationship) स्थापना गर्ने सम्बन्धमा
३. विभिन्न ठेक्काको म्याद थप सम्बन्धमा
४. उपभोक्ता समिति मार्फत योजना कार्यान्वयन सम्बन्धमा
५. श्रोत सुनिश्चितता सम्बन्धमा
६. योजनाको ठेगाना परिवर्तन सम्बन्धमा
७. कानून मस्यौदा समिति गठन सम्बन्धमा
८. बर्षिम घाँसको बिउ खरिद सम्बन्धमा
९. तिलोत्तमा लघु उद्यमी सम्मेलन सम्बन्धमा
१०. घरनक्सा पास नभएका घर/भवन/संरचनाको मूल्याँकन सम्बन्धमा
११. जग्गा रजिष्ट्रेशन दस्तुर छुटका लागि सिफारिस सम्बन्धमा
१२. हाटबजारको ठेक्का वन्दोबस्तबाट उठ्ने रकम बाँडफाँट सम्बन्धमा
१३. तिलोत्तमा भ्यू टावर सम्बन्धमा
१४. नाकामा कार्यरत कर्मचारीको व्यवस्थापन सम्बन्धमा
१५. विविध

रामकृष्ण खाण
नगर प्रमुख

खुमलाल अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

**निर्णय नं. १**

तिलोत्तमा नगरपालिकाको विधेयक समितिमा छलफल भई निर्णयका लागि नगर कार्यपालिका बैठकमा पेस भएको तिलोत्तमा नगरपालिकाको सुलभ फार्मेसी संचालन सम्बन्धी निर्देशिका, २०८२ स्वीकृत गर्ने ।

**निर्णय नं. २**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (८) को व्यवस्था बमोजिम तिलोत्तमा नगरपालिका र अमेरिकाको Hercules City बिच पूर्वाधार विकास, आर्थिक तथा सामाजिक विकास, सेवा प्रवाह एवम् सुशासन तथा संस्थागत विकासका क्षेत्रमा सहकार्य गरी आपसी हित प्रवर्धन गर्न भगिनी सम्बन्ध स्थापना गर्ने सम्बन्धी समझदारीपत्र (MoU) को मस्यौदा स्वीकृत गरी नेपाल सरकारको पूर्व स्वीकृति लिने सम्बन्धमा सिफारिसको लागि लुम्बिनी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा लेखी पठाउने ।

**निर्णय नं. ३**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (८) को व्यवस्था बमोजिम तिलोत्तमा नगरपालिका र अमेरिकाको Hercules City बिच पूर्वाधार विकास, आर्थिक तथा सामाजिक विकास, सेवा प्रवाह एवम् सुशासन तथा संस्थागत विकासका क्षेत्रमा सहकार्य गरी आपसी हित प्रवर्धन गर्न भगिनी सम्बन्ध स्थापना गर्ने सम्बन्धी समझदारीपत्र (MoU) को मस्यौदा स्वीकृत गरी नेपाल सरकारको पूर्व स्वीकृति लिने प्रयोजनको लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा लेखी पठाउने ।

**निर्णय नं. ४**

पूर्वाधार शाखाबाट म्याद थपका लागि पेस भएका देहाय बमोजिमका ठेक्काको खरिद सम्झौताको म्याद तपसिल बमोजिम हुने गरी थप गर्ने ।

<u>तपसिलः</u>

क. तिलोत्तमा सभाहल निर्माण कार्य (ठेक्का नं. NCB/TM/58/080/081) को खरिद सम्झौताको म्याद मिति २०८२/०७/३० मा समाप्त भएकोमा निर्माणस्थलमा पानी जमेको र निर्माण सामग्री ढुवानी गर्न नसकिएको कारण निर्धारित समयमा निर्माण कार्य सम्पन्न हुन नसकेको भनी निर्माण व्यवसायीबाट खरिद सम्झौताको म्याद थपका लागि निवेदन पेस भएको हुँदा एक पटकका लागि उक्त खरिद सम्झौताको म्याद मिति २०८२ माघ मसान्त सम्मका लागि थप गर्ने ।

ख. तिलोत्तमा नगरपालिका वडा नं. १७ को वडा कार्यालय भवन निर्माण कार्य (ठेक्का नं. NCB/TM/59/080/081) को खरिद सम्झौताको म्याद मिति २०८२/०७/३० मा समाप्त भएकोमा पुरानो भवन भत्काई निर्माण सामग्री व्यवस्थापन गर्दा समय लागेको कारण निर्धारित समयमा निर्माण कार्य सम्पन्न हुन नसकेको भनी निर्माण व्यवसायीबाट खरिद सम्झौताको म्याद थपका लागि निवेदन पेस भएको हुँदा एक पटकका लागि उक्त खरिद सम्झौताको म्याद मिति २०८२ माघ मसान्त सम्मका लागि थप गर्ने ।

खुमलाल भुसाल
प्रमुख प्रशासकीय अधिकृत

रामकृष्ण खाँण
नगर प्रमुख

निर्णय नं. ५

तिलोत्तमा नगरपालिकाको आर्थिक वर्ष २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत तपसिल बमोजिमका आयोजना कार्यान्वयनका लागि नगर कार्यपालिकाको कार्यालयबाट लागत अनुमान तयार भई पेस भएको सन्दर्भमा उल्लिखित योजना तथा कार्यक्रमहरूमा स्वीकृत बजेट भन्दा लागत अनुमान बढी देखिएकोले अपुग रकम तिलोत्तमा नगरपालिकाको आन्तरिक श्रोतबाट बेहोर्ने गरी स्रोत सुनिश्चितता गर्ने ।

<u>तपसिलः</u>

| सि.नं. | आयोजनाको नाम | लागत अनुमान रकम रू. | विनियोजित बजेट रू. | न.पा.ले बेहोर्ने थप रकम रू. |
|---|---|---|---|---|
| १. | सुपौली दुर्गानगर तथा रेहरा हेल्थ पोष्ट सडक कालोपत्रे निर्माण-१४ | ८९९९९७४ | ७३५३००० | १६४६९७४ |
| २. | देवी पथ देखि वडा नं ४ को सीमानासम्म १६ तपाहा पश्चिम सडक निर्माण-३ | ९०००९० | ७३५३००० | १६४७०९० |
| ३. | सेमराडाँडा केशव ढकालको घरदेखि उत्तर जाने बाटो कालोपत्रे-७ | ९९९९५९५ | ७३५३००० | १६४६५९५ |
| ४. | सरस्वती टोल विकास संस्था अन्तर्गत पुरानो एन.एम.वि. बैक देखि पूर्व होराइजन पथ हुदै जाने सडक स्तरोन्नती-१ | ८९९९२७० | ७३५३००० | १६४६२७० |
| ५. | भक्त बहादुरको घर देखि भाटा हुदै १२ नं. वडा सिमाना सम्म बाटो कालोपत्रे-१० | ९००६०५० | ७३५३००० | १६५३०५० |
| ६. | संगम मार्ग स्तरोन्नती-६ | ८९९९४७३ | ७३५३००० | १६४६४७३ |
| ७. | गाईघाट देखि मन्द्राहनी जोड्ने सडक स्तरोन्नती-११ | ९०००८६३ | ७३५३००० | १६४७८६३ |
| ८. | तुल्सीपुर टोल अन्तर्गत झुमाडाडा सडक-९ | ८९९९०५५ | ७३५३००० | १६४६०५५ |
| ९. | जीवन साईकल देखि दक्षिण सुस्पुरा जाने बाटो स्तरउन्नती-८ | ९००६१६६ | ७३५३००० | १६५३१६६ |
| १०. | कैलाश पथ स्तरउन्नती-५ | ८९९९१२५ | ७३५३००० | १६४६१२५ |
| ११. | सेमरी बोरिङ्ग देखि उत्तर तर्फ सडक कालोपत्रे-१३ | ८९९९९८० | ७३५३००० | १६४६९८० |
| १२. | सिमानगर चोकदेखि खानेपानी टंकी हुदै श्रृगेश्वर धाम जोडने सडक स्तरउन्नती-४ | ८९९९३३२ | ७३५३००० | १६४६३३२ |
| १३. | घ्यू फ्याक्ट्री देखि रामपुर जाने बाटो कालोपत्रे-१६ | ८९९९६१५ | ७३५३००० | १६४६६१५ |
| | कुल जम्मा | ११,८०,०८,५८८ | ९,५५,८९,००० | २,१४,१९,५८८ |

खुमलाल भुसाल
प्रमुख प्रशासकीय अधिकृत

रामकृष्ण खाण
नगर प्रमुख

तिलोत्तमा नगरपालिकाको नगर कार्यपालिकाको कार्यालय मणिग्राम, रुपन्देही लुम्बिनी प्रदेश, नेपाल

**निर्णय नं. ६**

तिलोत्तमा नगरपालिकाको नगर सभाको १७ औं अधिवेशनबाट स्वीकृत योजना तथा कार्यक्रमहरूमा देहाय बमोजिम संशोधन गरी कार्यान्वयन गर्न वडा कार्यालयबाट लेखी आएको विषयमा छलफल हुँदा वडा कार्यालयबाट लेखी आए बमोजिम संशोधन गर्ने र उक्त निर्णय अनुमोदनमा लागि नगर सभाको आगामी अधिवेशनमा पेस गर्ने ।

**देहायः**

| सि.नं. | साविकको योजनाको नाम | विनियोजित रकम रू. | संशोधन पछि कायम हुने योजनाको नाम | रकम रू. | कैफियत |
|---|---|---|---|---|---|
| १. | भिम बहादुर स्मृति सभाहल वनबाटिका तिलोत्तमा १ | १०००००० | भिम बहादुर स्मृति सभाहल वनबाटिका तिलोत्तमा २ | १०००००० | |
| २. | मुरलीको घरदेखि बर्मेली टोल हुँदै तुकतुकिया शिवालय चोकसम्म नाली सहित कालोपत्रे तिलोत्तमा १३ | ७३५३००० | मुरलीको घरदेखि बर्मेली टोल हुँदै तुकतुकिया शिवालय चोकसम्म नाली सहित कालोपत्रे तिलोत्तमा १२ | ७३५३००० | |
| ३. | प्राङ्गारिक मल उपयोगमा ५० प्रतिशत अनुदान | ३००००० | फलफुल बगैचा प्रवर्धन | ३००००० | |

**निर्णय नं. ७**

नेपालको संविधान र अन्य प्रचलित कानूनबाट नगरपालिकालाई प्राप्त अधिकारको प्रयोगको लागि निर्माण गरिने कानूनको प्रारम्भिक मस्यौदा तयारीको कार्य गर्न देहाय बमोजिमको कानून मस्यौदा समिति गठन गर्ने ।

**देहायः**

प्रमुख प्रशासकीय अधिकृत - संयोजक
शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख - सदस्य
आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य
पूर्वाधार विकास शाखा प्रमुख - सदस्य
वैठक शाखा प्रमुख - सदस्य
राजस्व शाखा प्रमुख - सदस्य सचिव

**निर्णय नं. ८**

तिलोत्तमा नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गतको वर्षिम घाँसको बिउ खरिद र वितरण सम्बन्धमा आर्थिक विकास समितिबाट मिति २०८२।६।२७ मा भएको निर्णय अनुमोदन गर्ने ।

खुमलाल भुसाल
प्रमुख प्रशासकीय अधिकृत

रामकृष्ण खाण
नगर प्रमुख

निर्णय नं. ९

तिलोत्तमा नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम तर्फको लघु उद्यमी सम्मेलनको आयोजना र उत्कृष्ट लघु उद्यमी सम्मान सम्बन्धमा उद्यम विकास समितिबाट मिति २०८२।७।२३ मा भएको निर्णय अनुमोदन गर्ने ।

निर्णय नं. १०

सार्वजनिक जग्गा, कुलो तथा ऐलानी जग्गामा घर संरचनाको आंशिक भाग परेको खण्डमा त्यस्ता प्रकृतिका भवन/संरचनाको सम्पत्ति मूल्याङ्कन गर्दा कूल मूल्याङ्कन रकमको ८५% मूल्य कायम हुने गरी वडा कार्यालयको सिफारिसको आधारमा मालपोत कार्यालयमा घर बिक्री प्रयोजनको लागि सिफारिस गर्ने ।

निर्णय नं. ११

तिलोत्तमा नगरपालिका वडा नं. १३ मा कार्यालय रहेको क्लासिक निटिङ्ग एण्ड टेक्सटाईल्स प्रा.लि. को संचालक सिला पहारीले मिति २०८२।६।२७ गते यस कार्यालयमा पेस गरेको निवेदन एवम् तिलोत्तमा नगरपालिका १३ नं. वडा कार्यालयको च.नं. ४४९, मिति २०८२/०६/२६ को पत्रबाट साबिक टिकुलिगढ ५/ख हाल तिलोत्तमा नगरपालिका वडा नं. १३, कित्ता नं.१५९, १६० र ८३ क्षेत्रफल क्रमशः ०-६-४.७५, ०-६-४.७५ र कि.नं. ८३ मध्येबाट ०-३-१०.५०) बिघा जग्गा गार्मेन्ट उद्योग संचालन गर्न जग्गा खरिद गर्दा लाग्ने घरजग्गा रजिष्ट्रेसन शुल्क छुटका लागि सिफारिस माग भई आएकोमा लुम्बिनी प्रदेशको आर्थिक ऐन, २०८२ को दफा २ सँग सम्बन्धित अनुसूची-१ को खण्ड (घ) को सि.नं. ३ को व्यवस्था बमोजिम घरजग्गा रजिष्ट्रेसन शुल्क छुट दिने प्रयोजनको लागि मालपोत कार्यालय भैरहवा, रुपन्देहीलाई सिफारिस गरी पठाउने ।

निर्णय नं. १२

तिलोत्तमा नगरपालिकाको वडा नं. १२ स्थित जनता माध्यमिक विद्यालयको स्वामित्वमा रहेको जग्गामा यस नगरपालिकाबाट बन्दोबस्त भई रहेको ९ नम्बर हाटबजारमा बैठकी कर उठाउने कार्यको ठेक्काबाट प्राप्त हुने राजस्वको हालसम्म ५० प्रतिशतले हुन आउने रकम उक्त विद्यालयलाई अनुदान स्वरुप भुक्तानी हुँदै आएकोमा चालु आर्थिक वर्ष २०८२/८३ देखि ७५ प्रतिशतले हुन आउने रकम अनुदान दिने ।

निर्णय नं. १३

अनुपम निर्माण सेवा, रैनादेवी छहरा-४, पाल्पाबाट मिति २०८२/०७/२० गते यस कार्यालयको आय ठेक्का नं. २.२/०७८/०७९ तिलोत्तमा बहु-उद्देश्यीय टावर (भ्यू टावर) सञ्चालन कार्यको ठेक्का सम्झौता गर्नका लागि दाखिला गरेको रकम फिर्ता दिन वा सम्झौता गराई ठेक्का कार्यान्वयन गराउन माग गरी पेस हुन आएको निवेदनका सम्बन्धमा मिति २०८२/०७/२७ मा भएको नगर प्रमुखस्तरीय निर्णय अनुमोदन गर्ने ।

खुमलाल भुसाल
प्रमुख प्रशासकीय अधिकृत

रामकृष्ण खाण
नगर प्रमुख

निर्णय नं. १४

तिलोत्तमा नगर कार्यपालिकाको मिति २०८२/०६/१३ गतेको बैठकबाट तिलोत्तमा नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका क्रशर उद्योगहरूले यस नगरपालिकालाई बुझाउने पूर्वाधार उपयोग शुल्क (बाटो मर्मत तथा पर्यावरण संरक्षण शुल्क) दाखिला गर्ने हालको विधिको सट्टा उपयुक्त अन्य विधि सिफारिस गर्न गठित कार्यदलको प्रतिवेदन स्वीकृत गरी चालु आ.व. २०८२/०८३ देखि प्रतिवेदनमा उल्लेख भए अनुरूप हुने गरी क्रशर उद्योगहरूबाट पूर्वाधार उपयोग शुल्क संकलन गर्ने र शुल्क संकलन प्रयोजनको लागि विभिन्न नाकामा ज्यालादारीमा कार्यरत देहाय बमोजिमका कर्मचारीहरूलाई २०८२ मंसिर १ गतेदेखि लागू हुने गरी सेवाबाट हटाउने ।

तपसिलः

| सि.नं. | कर्मचारीको नाम, थर | ठेगाना | खटाइएको क्षेत्र | कैफियत |
|---|---|---|---|---|
| १. | सागर बस्याल | तिलोत्तमा-०६ | तीनधुरा नाका | |
| २. | वीर बहादुर थारु | तिलोत्तमा-१३ | तीनधुरा नाका | |
| ३. | सुरज थापा | तिलोत्तमा-१४ | हरपुर नाका | |
| ४. | रमेश कुमार चौधरी | तिलोत्तमा-०६ | हरपुर नाका | |
| ५. | सुरज भण्डारी | तिलोत्तमा-०६ | पहुनी नाका | |
| ६. | मदन सलामी | तिलोत्तमा-०६ | पहुनी नाका | |
| ७. | मनोज थापा | तिलोत्तमा-०६ | गोरकट्टा नाका | |
| ८. | सिता ढकाल | तिलोत्तमा-१३ | गोरकट्टा नाका | |
| ९. | खेमराज पाण्डे | तिलोत्तमा-०६ | १० नं. नाका | |
| १०. | प्रतिमा थारु | तिलोत्तमा-०६ | १० नं. नाका | |
| ११. | ध्रुव पाठक | तिलोत्तमा-०४ | सेमरी नाका | |
| १२. | सन्दिप बस्याल | तिलोत्तमा-०६ | सेमरी नाका | |
| १३. | रोशनी राई | तिलोत्तमा-१५ | बाग्दुरा नाका | |
| १४. | मिलन ढकाल | तिलोत्तमा-०३ | योगीकुटी नाका | |

निर्णय नं. १५

तिलोत्तमा नगरपालिकाको कार्यालयमा दर्ता भएका "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी निवेदन बैठकमा पेस भै जानकारी भयो । सो सन्दर्भमा जाँचबुझ तथा सिफारिस समितिको मिति २०८२/०७/१२ गतेको सिफारिस अनुसार देहाय बमोजिमका फर्महरूलाई तिलोत्तमा नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ को दफा ४ बमोजिम "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने ।

<u>देहायः</u>

१. ओल्ड दरबार ईञ्जिनियरिङ्ग एण्ड कन्सट्रक्सन प्रा.लि., तिलोत्तमा नगरपालिका वडा नं.१
२. अरोमा डिजाइन एण्ड कन्स्ट्रक्सन प्रा.लि., तिलोत्तमा नगरपालिका वडा नं. ७
३. डि.के.निर्माण सेवा प्रा.लि., तिलोत्तमा नगरपालिका वडा नं. २

**निर्णय नं. १६**

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. १३३, मिति २०८२/०६/०८ को पत्रबाट JDS Scholarship 2026 को लागि निवेदन आह्वान भएकोमा Financial Policy, Economic Policy (2 years Master's Degree) विषय अध्ययनका लागि यस नगरपालिकामा कार्यरत देहायका विवरण भएका कर्मचारीलाई मनोनयनका लागि श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, (राप्ती उपत्यका) देउखुरी, नेपाललाई सिफारिस गर्ने सम्बन्धमा भएको मिति २०८२।७।१८ गतेको नगर प्रमुखस्तरीय निर्णय अनुमोदन गर्ने ।

देहायः

| नाम, थर (अंग्रेजीमा समेत) | पद | शुरू नियुक्ति र हालको पदमा नियुक्ति मिति | हाल कार्यरत निकाय | सेवा/समूह/ उपसमूह | संकेत नं. | समायोजन भएको तह | अध्ययन गर्न चाहेको विषय | अध्ययन गर्न चाहेको विश्वविद्यालय | हालको शैक्षिक योग्यता/विषय | इमेल ठेगाना/ मोबाइल नं. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रमेश बस्याल RAMESH BASYAL | लेखा अधिकृत (सातौं) | २०७०/०९/२८ २०७५/०७/०४ | तिलोत्तमा नगरपालिका | नेपाल प्रशासन/लेखा | २०५५०३ | अधिकृत (सातौं) | Financial Policy, Economic Policy (Master's Degree) | Waseda University | Master's Degree/ Physics | raboasis@gmail.com 9857017681 |

**निर्णय नं. १६**

मिति २०८२ कात्तिक २४ गते यता विभिन्न संचार माध्यममा जापानको Yokohama सहरमा आयोजना हुने Asia Smart City Conference, 2025 मा सहभागी हुन जाने भनिएका कर्मचारीहरूको विषयमा मिति २०८२/०७/२६ मा भएको नगर प्रमुखस्तरीय निर्णय अनुमोदन गरी सो सम्बन्धमा थप कारवाहीको लागि जिल्ला प्रशासन कार्यालय, रूपन्देहीमा लेखी पठाउने ।

**निर्णय नं. १७**

सहरी उत्थानशील तथा जीवनयापन सुधार परियोजना (URLIP) अन्तर्गत एसियाली विकास बैङ्क (ADB) को ७५ प्रतिशत अनुदान सहयोगमा सञ्चालित ड्राईभरटोल-शिवपुर र पत्थरडाँडा-तिनाउ सडक निर्माण आयोजनाको लागि नगर विकास कोषबाट लिने ऋण सम्झौता गर्ने अधिकार नगर प्रमुख श्री रामकृष्ण खाणलाई प्रत्यायोजन गर्ने ।

खुमलाल भुसाल
प्रमुख प्रशासकीय अधिकृत

रामकृष्ण खाण
नगर प्रमुख